# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

मितिः२०७५/४/३

प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वमहासचिव उजिर मगर दुर्घटानमा परी गम्भीर घाइते भएको खवरले नेपाल पत्रकार महासंघ दुःखी भएको छ । बाग्लुङ सदरमुकामबाट बुतिवाङ जाँदै गरेको जिप साउन २ गते साँझ ६ः ०० गलकोट नगरपालिका-९ रिघामा पल्टदा जिपमा सवार महासचिव पूर्वमगरसहित १४ जना यात्रु घाइते भएका थिए । दुर्घटनामा पूर्वमहासचिव मगरको देब्रे हात भाँचिनुका साथै शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ । घाइते पूर्वमहासचिव मगरको गलकोटस्थित आरोग्य अस्पतालमा सामान्य उपचारपश्चात अहिले काठमाडौं ल्याई ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचार भइरहेको छ ।

नेपाल पत्रकार महासंघ घाइते पूर्वमहासचिव मगरसहित दुर्घटनामा परी घाइते भएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । साथै, घाइते सबैको उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org